बैठक प्रारम्भः दिनको ठिक १:०० बजे

बैठक समापनः

ब्याः १५

तिः- २०८३/३/२

पालको संविधान धारा २१५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ बमोजिम रामप्रसादराई उँपालिकाका अध्यक्ष श्री थाम बहादुर राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा रामप्रसादराई उँपालिका, गाउँ कार्यपालिकाको बैठक बसी निम्न लिखित निर्णयहरू गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री थाम बहादुर राई | |
| २ | उपाध्यक्ष | श्री वीरेन्द्र राई | |
| ३ | सदस्य | श्री जोगेन्द्र राई | |
| ४ | सदस्य | श्री राजकुमार तामाङ | |
| ५ | सदस्य | श्री रामु थापा मगर | |
| ६ | सदस्य | श्री बाबु कुमार राई | |
| ७ | सदस्य | श्री जगत बहादुर चौहान | |
| ८ | सदस्य | श्री एकराज आचार्य | |
| ९ | सदस्य | श्री मनकाजी राई | |
| १० | सदस्य | श्री बाच कुमार राई | |
| ११ | महिला सदस्य | श्री अजम राई | |
| १२ | महिला सदस्य | श्री सविना तामाङ | |
| १३ | महिला सदस्य | श्री बिना वि.क. | |
| १४ | महिला सदस्य | श्री प्रतिमा राई | |
| १५ | दलित सदस्य | श्री मिलन वि.क. | |
| १६ | अल्पसंख्यक सदस्य | श्री अशोक कुमार खवास | |
| १७ | सदस्य सचिव | श्री प्रदिप राई | |
| | **आमन्त्रित उपस्थिति** | | |
| १ | का वा वडाध्यक्ष- २ | श्री प्रभा राई (तामाङ) | |
| २ | प्रशासन शाखा प्रमुख | श्री आङलाक्पा तामाङ | |
| ३ | लेखा शाखा | श्री ईन्द्र कुमार घिमिरे | |
| ४ | योजना शाखा | श्री ज्ञानराज भट्टराई | |

छ) एउटै योजना तथा कार्यक्रमलाई टुक्रा पारी फरक फरक समयमा फरक फरक उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्न पाइने छैन तर मर्मत संभार कोष र विपद् व्यवस्थापन कोषको बजेटबाट आवश्यकताको आधारमा टुक्रा टुक्रा पारेर पनि खर्च गरिने छ।

ज) वडा तथा पालिकाबाट संचालन भएका विगतदेखिका वा चालु आर्थिक वर्षका अधुरा योजनाहरुलाई प्राथामिकता दिनुपर्नेछ।

झ) योजना तथा कार्यक्रम संचालन पश्चात वडा/पालिकामा आर्थिक स्तरमा सुधार हुने योजनाहरु छनौट गर्नुपर्नेछ।

ञ) वडा भित्रका सबै टोल तथा वस्तीहरुलाई समावेश गरी आवश्यकतामा आधारित योजनाको छनौट गर्नुपर्नेछ।

ट) वडा तथा पालिका स्तरमा योजना छनौट गर्दा विभिन्न शाखामा कार्यरत कर्मचारीहरुको समेत प्राविधिक परामर्श लिई योजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ।

ठ) वडाभित्र रहेका विद्यालयका शिक्षक र कर्मचारीको तलबको लागि वडाको बजेटबाट बजेट विनियोजन नगर्ने।

ड) लागत साझेदारीको सन्दर्भमा उपभोक्ता समितको लागि बिरुवा, बीउ, मेशिन वा अन्य कुनैपनि दिर्घकालिन उपभोग हुने वस्तु खरिद गर्ने कार्यक्रमको लागि व्यक्तिगत प्रयोजनमा ५० र संस्थागत कार्यक्रममा २५ प्रतिशत एवं सीप विकास तालिम सञ्चालनको लागि ५% (साझेदारी ) हुने गरी लागत अनुमान तयार गरेपछि मात्र खरिद प्रकृया र तालिम कार्यक्रम अगाडि बढाईने।

ढ) विषयगत समितिबाट पेश भएको प्रतिवेदन कार्यपालिकामा प्रस्तुत भइ प्राप्त प्रतिवेदनको आधारमा सबै विषय क्षेत्र अनुसार बजेट विनियोजन गर्ने र मानव संसाधन विकासमा जोड दिदै गाउँपालिकाको सबै भूभागमा समानुपातिक किसिमको विकासको सुनिश्चितता गर्ने।

**३) वडा कार्यालयको लागि बजेट सिलिङ प्रदान गर्ने सम्बन्धमा।**

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिसको आधारमा गाउँपालिकाबाट अत्यावश्यक क्षेत्र तथा गौरबका योजना एवं विगत बर्षदेखि संचालनमा रहेर आगामी आ.व. मा सम्पन्न गर्नुपर्ने योजनाहरुलाई बजेट विनियोजन पश्चात बाँकी रकम सोही समितिले तय गरेको मापदण्डका आधारमा विनियोजन गर्ने गरी प्रत्येक टोल बस्तीबाट आएको मागको आधारमा वडा कार्यालयबाट छनौट गरिएका वडास्तरीय योजनाहरुको लागि वडाहरुलाई देहाय बमोजिम बजेट सिलिङ प्रदान गर्ने।

**१) वडा नं. १ रु. २५६१०००।-**

**२) वडा नं. २ रु. २२९५०००।-**

**३) वडा नं. ३ रु. २२३१०००।-**

**४) वडा नं. ४ रु. २५१३०००।-**

**५) वडा नं. ५ रु. २७२००००।-**

**६) वडा नं. ६ रु. ३०३४०००।-**

**७) वडा नं. ७ रु. २४६००००।-**

**८) वडा नं. ८ रु. २१८६०००।-**

**(वडा कार्यालयको तर्फबाट विनियोजन हुने कूल बजेट रु. २ करोड)**

**१) गाउँसभाको १९ औं अधिवेशन सम्बन्धमा ।**

यस सम्बन्धमा छलफल गर्दा आगामी आ. व. को नीति तथा कार्यक्रम सहितको बजेट प्रस्तुत गर्नको लागि आषाढ १० गते गाउँसभाको १९ औं अधिवेशन आह्वान गर्ने ।

२) **बजेट सीमा तथा मापदण्ड निर्माण सम्बन्धमा ।**

यस सम्बन्धमा छलफल गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिसको आधारमा देहाय बमोजिमका क्षेत्रहरुमा निम्न बमोजिमको मापदण्ड तयार गरी बजेट विनियोजन गर्ने ।

<u>देहाय</u>

क) आर्थिक विकासको क्षेत्रमा १०% रकम

ख) सामाजिक विकासमा ३५% रकम

ग) पूर्वाधार विकासमा ४५%

घ) वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा ५%

ङ) संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्रमा ५%

नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था तथा हाम्रो अत्यन्त कमजोर आन्तरिक आयको अवस्थामा बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुपर्ने भएको कारण देहाय अनुसार रहने गरी योजना तथा कार्यक्रम छनौटको आधार तथा मापदण्ड तय गर्ने निर्णय गरियो ।

क) नयाँ बाटोको ट्र्याक खोल्ने गरी बजेट खर्च गर्नुपर्ने अवस्था आएको खण्डमा कार्यपालिकाबाट स्वीकृत लिने, हाल सञ्चालनमा रहेका सडकहरुलाई सबै मौसममा सञ्चालन हुने गरी मर्मत सम्भार (मेशिनरी वाल निर्माण, जालीमा ढुंगा भर्ने, सोलिङ, ढलान आदि) को लागि बजेट विनियोजन गर्ने ।

ख) वडाले आफ्नो हिस्साको बजेटबाट खरिद गर्ने सामान वडाको मागका आधारमा पुंजीगत (खप्ने) सामग्रीको हकमा गाउँपालिकाले खरिद गर्ने तर चालु प्रकृतिका कार्यक्रममा आधारित सामान वडा कार्यालय आफैले खरिद गर्ने छ भने वडा कार्यालयहरुको लागि स्टेशनरी तथा अतिथि सत्कार एवं बैठक खाजा खर्चका लागि मासिक रु. २०,०००।– व्यवस्थापन गरिने छ, यसबाट स्वास्थ्य चौकीहरुको लागि सामान्य स्टेशनरीको व्यवस्थापन मिलाउने ।

ग) पुंजीगत बजेटको सीमामा रहेको बजेटबाट अनिवार्य रुपमा पुंजीगत कार्यक्रम नै तय गर्नुपर्ने छ तर चालु बजेट खर्चबाट पुंजीगत प्रकृतिको योजना/कार्यक्रम पनि बनाउन सकिनेछ ।

घ) योजना तथा कार्यक्रमलाई प्राथमिकतामा वर्गीकरण गर्नुपर्नेछ । जस अनुसार १० लाख रुपैयाँभन्दा माथिको योजनालाई प्राथमिकता नं १ मा, ५ लाख रुपैयाँदेखि १० लाख रुपैयाँसम्मको योजनालाई प्राथमिकता नं २ मा र बाँकी योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता नं ३ मा राख्नुपर्नेछ ।

ङ) निजी जग्गा प्राप्त गरी आयोजनाको निर्माण गर्नुपर्ने अवस्थाको योजना छनौट गर्दा जग्गा प्राप्त भएको सुनिश्चित गरेर मात्र योजना संचालन गरिने छ ।

च) वडा तथा पालिकाले तय गरेको योजना तथा कार्यक्रमको प्रकृति वा नाम एउटै भएको खण्डमा वडा कार्यालयको समेत सहभागितामा उक्त योजना तथा कार्यक्रमलाई गाभेर एउटै बनाई गाउँ कार्यपालिकाबाट सञ्चालन गरिनेछ ।

**४) नीति तथा कार्यक्रमको प्रारम्भिक मस्यौदा सम्बन्धमा।**

यस सम्बन्धमा छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरेका प्रस्तावको आधारमा विषयगत समितिका संयोजकहरुको राय सल्लाह सुझावमा केन्द्रित रही अध्यक्षज्यूको परामर्शमा आ. व. ०८३/०८४ को नीति तथा कार्यक्रमको मस्यौदा तयार गर्ने कार्यका लागि उपाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिमको समिति बनाउने निर्णय गरियो।

तपसिलः-

१) संयोजकः- वीरेन्द्र राई

२) सदस्यः- एकराज आचार्य

३) सदस्य सचिवः- आङलाक्पा तामाङ

**५) क्रसर संचालन अनुमति सम्बन्धमा।**

यस सम्बन्धमा छलफल हुँदा प्रदेश सरकारको सहयोगमा पूर्वाधार विकास कार्यालय भोजपुरबाट विगत वर्षदेखि नै यस पालिकाको वडा नं. ५ को डडुवाचोक देखि वडा नं. ६ को आरीखोला सम्मको सडक स्तरोन्नतिको काम भइरहेको हुँदा उक्त कार्यको लागि आवश्यक कानुनी प्रक्रिया पूरा गरी क्रसर उद्योग संचालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

**६) विविध।**

क) राजश्व परामर्श समितिले तयार गरी प्रस्तुत गरेको करका दर दायरा सम्बन्धी विस्तृत विवरण अध्ययन पश्चात अर्को कार्यपालिका बैठकमा निर्णयार्थ पेश गर्ने।

ख) यस पालिकामा रहेका टोल विकास संस्थाहरुको पालिका स्तरमा केन्द्र तोकी आधिकारिक लेखा परीक्षकबाट लेखा परीक्षणको व्यवस्था मिलाउने, सो कार्यका लागि गाउँसभाबाट बजेटको शुनिश्चित्ता गर्न प्रस्ताव गर्ने ।